पर्सा गाउँपालिकाको १२ औं गाउँसभामा २०८० साल आषाढ १० गते आइतवार गाउँपालिकाका अध्यक्ष श्री धिरेन्द्र राय यादव ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

पर्सा गाउँपालिका
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०८०

गाउँसभाका उपाध्यक्ष ज्यू

गाउँसभाका सदस्य सचिव ज्यू

विभिन्न विषयगत समितिका संयोजक ज्यूहरु

गाउँसभाका सदस्य ज्यूहरु

राष्ट्रसेवक कर्मचारी मित्रहरु

सुरक्षाकर्मि मित्रहरु

सञ्चारकर्मी महानुभावहरु

उपस्थित अन्य सम्पुर्ण महानुभावहरु,

नेपालको संविधान कार्यान्वयनमा आए सँगै तीन तहका सरकारको गठन भई स्थापना भएको यस गाउँपालिकाको विकासका गतिविधिहरु दुर्त गतिमा अगाडी बढिरहेको समयमा देशको आर्थिक अवस्था कमजोर भएका बेलामा चुनौतीपूर्ण र असहज परिस्थिती बीच स्थानीय तहहरुको नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएको अनुदानको मध्ये नजर गरी यस गाउँपालिका अध्यक्षको पदिय मर्यादाले पर्सा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

नेपाली जनताको पटक पटकको त्याग र वलिदानीपूर्ण संघर्ष तथा विभिन्न आन्दोलनको माध्यबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य अवगतै छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएको ऐतिहासिक जन आन्दोलन तथा सशस्त्र संघर्षका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तहरुका आधारमा समतामुलक समाज निर्माणको संकल्प गरेको संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनबाट बनेको सरकारहरुको माध्यमबाट अहिले नेपाली जनताले संघिय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दैछन् । स्थानीय सरकार संविधानको भावना अनुरुप सञ्चालन गर्नका लागि कतिपय ऐन, कानूनहरु निर्माणका क्रमभा रहेको हुँदा जनताले अपेक्षा गरेको सिंहदरवार अद्यापि स्थानीय सरकारका वडा स्तरमा आउन नसकिरहेको अवस्थालाई पनि हासिल स्वीकार्नुपर्ने अवस्था छ तर यस खालको अवस्था सधै नरहने तर्फ पनि यस गरिमामय सभा मार्फत पुन अन्त्य गराउन चाहन्छु ।

जनताका आवश्यकता, माग र अपेक्षाहरु स्वभावैले असिमित छन तर हामीसँग स्रोत र साधन सीमित छ। सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूँजी निर्माण गर्नुपरेको छ। स्थानीय स्रोत साधन माछा पोखरी भाडामा लगाउने लगाएत हामीसँग केही अवश्य छन। कानून बमोजिम तिनीहरुको परिचालन र अधिकतम सदुपयोग गरेर अघि वढ्ने प्रयत्न हामीले गर्नु पर्नेछ। पर्सा गाउँपालिकाको समग्र र समानुपातिक विकास कसरी गर्ने यस वारेमा सवैको चिन्तन, मनन र सवैको लगानी र सहयोगको अपेक्षा गर्दछु।

स्थानीय तह सदस्य निर्वाचन २०७९ का सन्दर्भमा हामीले सार्वभौम गाउँवासी समक्ष गरेका प्रतिवद्धताहरु केवल निर्वाचनमा विजय हाँसिल गर्ने खेल मात्र नभएर, हाम्रा आवश्यकतामा आधारित योजनाहरु थिए त्यसैले हामी अहिले निर्वाचनमा गरेका प्रतिवद्धताहरुलाई पूरा गर्ने संकल्प गरिरहेका छौं र तीनै प्रतिवद्धताहरुवाट निर्देशित छौं भन्ने कुरालाई पुन स्मरण गराउन चाहन्छु।

मुलुकमा तीनै तहको निर्वाचनवाट राजनीतिक स्थायित्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी वढेको अवस्थामा यस अवसरको सदुपयोग गर्दै हाम्रा गाउँपालिकामा रहेका कृषि, वन, धार्मिक तथा पर्यटकिय सम्भावना, प्राकृतिक स्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापनवाट गाउँ समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु। हाम्रो पर्सा राम्रो पर्सा वनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग, समन्वय र सहकार्यका साथ स्थानीय उद्योगी, व्यापारी, वुद्धिजीवी, संचारकर्मी, पर्यटनकर्मी, समाजसेवी लगायत समग्र पर्सा वासीको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु।

आर्थिक वर्ष २०८०/८१ का लागि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ्ग, नीति, मार्गदर्शन, योजना तथा कार्यक्रम, संविधानको अनुसूची-८ (स्थानीय तहको अधिकारको सूची), अनुसूची-९, (संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका गाउँपालिकाको अधिकारक्षेत्र र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ। यसैगरी नेपालले अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, पन्ध्रौं योजनाको लक्ष्य र अन्तराष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिवद्धता वमोजिम नतिजा प्राप्तीमा सहयोग पुर्याउने गरी कार्यगर्न गाउँपालिका प्रतिवद्ध रहने छ।

आ.व. ०८०/०८१ को निति कार्यक्रम प्रस्तुत हुदाँ गाउँपालिका र यस गाउँपालिकाका भद्रभलादमी, वुद्धिजिवी, समाजसेवी लगायत सम्पुर्ण गाउँपालिका वासीहरुको सहयोग, सदभाव र तत्परतामा गाउँपालिका वासीको जीवन रक्षा गाउँपालिकाको आर्थिक र समाजिक जीवनका सुरक्षा हुने कुराको प्रत्याभुति दिलाउन चाहन्छु ।

विगतमा यस गाउँपालिकाले अपनाएको राम्रा नितिहरुलाई आउने आ.व. ०८०/८१ मा समेत निरन्तता दिइनेछ । यो वजेट, नीति कार्यक्रम तयारी तथा कार्यान्वयनमा शुन्य विभेदको नीतिलाई अवलम्वन गरीएको छ । यस गाउँपालिकाका पक्की सकड नपुगेका सवै गाउँ टोल क्षेत्रमा विशेष गरी सडक पुर्वाधारका कामहरुलाई अघि वढाइने खानेपानीका आपुर्ति व्यवस्थालाई सुदृढ वनाउने आर्थिक विकासका क्रियाकलापहरुलाई संचालन गरी जनताको सुख सुविधालाई ध्यान राख्दै पछाडी परेका वर्ग र क्षेत्रलाई समेटने गरी यस गाउँपालिकाले प्राथमिकताको साथ विकास कार्यक्रमहरु अगाढी वढाईनेछ। कृषि तथा कृषकहरुलाई अगाडी वढाउने कार्यक्रमलाई निरन्तरता दिई नगदे वालीमा अत्मनिर्भर वनाई आर्थिक संवृद्धि गरीनेछ । नेपालको संविधान को धारा ५१ (ङ) वमोजिम भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषककालागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र वजारमा पहुचको व्यवस्था गर्ने । कृषि उत्पादन तथा उत्पादकत्व वढाउन कृषि योग्य भुमीमा कृषि विधुतिकरणका योजनाहरु संचालनमा प्रथमिकता दिईनेछ । संघिय गणतन्त्रात्मक शासन व्यवस्थाको माध्मद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानलाई आत्मसाथ गर्दै अगाडी वढने प्रतिवद्धता गरेको छु । कृषकलाई कृषिकै माध्यमवाट प्रोत्साहान गरी उनीहरुको जीवनस्तर उकासी धनी र गरीव विचको खाल्डो पुर्ने अथक प्रयास गरेको छु । सुचना प्रविधिमैत्रि, शैक्षिक गुणस्तर सुधार, रोजगारी अवसरको सृजना हुने दिगो सन्तुलित एवम् समावेसी विकास अवधारणा अनुरुप वकास योजनाहरुलाई प्राथमिकतामा राखिएको छ। यसको लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सवै निर्वाचित जनप्रतिनिधिहरु, समस्त कर्मचारीहरु, वुद्धिजीवी, उद्योगी एवं आम गाउँ वासीहरुको सक्रिय सहयोगमा यस गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा वजेटको प्रभावकारी कार्यान्वयनबाट मात्र लक्ष्य हासिल हुने अपेक्षा लिएको छु।

हाम्रो विकासका चाहनाहरुलाई मूर्त रुप दिन यस गाउँपालिकाले विश्वव्यापी रुपमा स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ उन्मुख हुदै आगामी आ.व. को लागि राष्टिय विकास लक्ष्य र प्राथमिकताहरुलाई आत्मसाथ गर्ने छ । यसप्रकार आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास, खानेपानी, सडक पूर्वाधार, सिंचाई, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढिकरण जस्ता क्षेत्रगत प्राथमिकताहरु रहने तथ्य उल्लेख गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु**

१) अब म पर्सा गाउँपालिकाले आ.व. २०८०/०८१ को निति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सुची,
- संघिय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको योजनाले तय गरेको प्राथमिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय सरकारले संचालन ऐन तथा अन्य कानुनी प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकास समसामयिक मुद्धाहरु समाजिक संरक्षण दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गीक सशक्तिकरण तथा समावेसी विकसहरु,
- पर्सा गाउँलिकाले आवश्यक ठानेका विषयहरु

**गाउँसभाका सदस्यज्यूहरु**

आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यकमहरु निम्नानुसार रहेको तथ्यलाई विस्तारमा प्रस्तुत गर्न चाहान्छु ।

**आधारभुत स्वास्थ्य**

- निशुल्क आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ वनाउन स्वास्थ्य संस्थामा जनशक्ति उपकरण तथा औषधीको उपलव्धता सुनिश्चितको साथै रेकर्डीङ्ग र रिपोर्टीङ्ग आदीको लागी सवै स्वास्थ्य चौकीहरुलाई सुचना प्रविधि संग अवद्धता गरिनेछ ।

गाउँपालिका स्तरमा अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि नेपाल सरकार मार्फत भवन तथा पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ ।

CamScanner

- आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट वन्चित, सिमान्कृत तथा दुर्गम समुदायलाई लक्षित गरी एकिकृत ५० वर्ष माथिकालाई लक्षित गरी आखा र मुख सम्वन्धी स्वास्थ्य शिविर संचालन गरिनेछ।
- अध्यक्षसँग जेस्ठ नागरिक स्वास्थ्य कार्यक्रमलाइ निरन्तरता दिइने छ।
- दलित महिला कार्यकम अन्त्रगत महिनावारी उमेर समुहका दलित महिलालाइ निशुल्क स्यानिटरी प्याड वितरण कार्यकम सञ्चालन गरिनेछ।
- नेपाल सरकारद्धारा निशुल्क रुपमा वितरण गर्ने औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ
- यस गाँपालिकाको नारायणपुर स्वास्थ्य चौकीमा थप जनसक्ति MBBS डाक्टर सहित आवश्यक जनशक्ति सहितको चौविसै घण्टा स्वास्थ्य सेवालाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ।
- सुरक्षित आमा, स्वस्थ बालवालिका भन्ने कार्यक्रम तय गरी गर्भवती तथा सुत्केरी महिलालाई पोषण युक्त खाना उपलव्ध गराइनेछ भने महिला स्वयम सेविकाहरुलाई उनीहरुको क्षमता विकास, समाजमा पु्याएको अमूल्य योगदानका निम्ति प्रोत्साहन गर्न वडा स्तरवाट सहयोगको_व्यवस्था गरिनेछ।
- गाउँघर क्लिनिक सञ्चालन गरी घरघरमै स्वास्थ्य सेवा पुऱ्याइने छ र नवजात शिशुका लागि न्यानो झोलाको व्यवस्था गरिने छ।
- विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ। वर्थिङ्ग सेन्टरलाई चालु तथा विस्तार गरीनेछ।
- वहुक्षेत्रिय पोषण योजनालाई कार्यान्वयन गरी निरन्तरता दिईनेछ।
- ६० वर्ष नाघेका स्वास्थ्य सवयम्सेविकाहरुलाई समान सतिह विदाई गरी रिक्त स्थानमा नयाँ नियुक्ति गरिनेछ।

आयुर्वेदः

- आयुर्वेद चिकित्सा पद्धतिलाई प्रमुख चिकित्सा पद्धतिको रुपमा विकास गरी प्रत्येक घर घर सम्म पुर्याउने छ।
- पालिका भीत्र रहेका आयुर्वेद औषधालयको आफ्नै सुविधा सम्पन्न योगाहल सहितको भवन निर्माण गरिने छ साथै स्तरोन्नति गरी पुर्वकर्म/पंचकर्म को सम्पुर्ण सेवा लगायतका विभिन्न सेवाहरु संचालन गर्नेछ।
- प्रत्येक वाडामा क्रमशः नागरिक आरोग्य केन्द्र स्थापना गरी संचालन गर्ने निती लिईनेछ।
- स्वस्थ्य समाज निर्माणका लागी स्वस्थ्य जीवनशैली कार्यक्रम संचालन गरिनेछ।
- एक घर पाँच योग पाँच जडिबुटि कार्यक्रम लाई अभियानको रुपमा प्रत्येक घर सम्म पुरयाउने लक्ष्य हासिल गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

● समाजमा बढी रहेको लागु पदार्थ दुर्वयसनको न्युनिकरणको लागी आयुर्वेदिय ज़ीवन शैली यापन गर्न सिकाई नशा मुक्त समाज निर्माण अभियानको रुपमा संचालन गरिनेछ।

● पालिका भित्र पाईने विभिन्न प्रकारका स्थानिय जडिबुटीको पहिचान सहितको तथयाङ्क संकलन गरी अभिलेखिकरण गरिनेछ।

● महत्वपुर्ण जडिबुटीहरुको खेति गर्न तथा बजार व्यवस्थापनको लागी कृषकहरुको संलग्नतामा विशेष कार्यक्रम संचालन गरिनेछ तथा कृषकहरुको सहियोगमा साना जडिबुटी उद्योग संचालनमा ल्याउने निति लिईनेछ एवं अनुदानमा आधारित जडिबुटी खेति सम्वन्धि कार्यक्रम ल्याईनेछ।

● पालिका भित्रका विद्यालयहरुमा जडिवुटी बगैचा निर्माण गरिनेछ साथै आयुर्वेद तथा योग सम्वन्धि कार्यक्रम नियमित संचालन गरिनेछ।

● हाल २ वटा वडामा संचालनमा रहेको नियमित योगाभ्यास सहितको स्वास्थय जिवनशैली कार्याक्रमलाई सवै वडामा संचालन गरिनेछ।

**शिक्षा:**

● गाउँपालिका भित्रका सवै विद्यालयहरुमा पुर्व प्राथमिक तथा प्रारम्भिक वालविकासको गुणस्तरीय पहुँच अभिवृद्धि गरिने छ।

● दरवन्दी नभएका तथा न्यून वा कम दरवन्दी भएका विद्यालयलाई स्वयंसेवक शिक्षक व्यवस्थापन अनुदान कार्यकम सन्चालन गरिनेछ।

● विद्यालयमा नमुनाको रुपमा अंग्रेजी माध्यायमवाट भई रहेको पठनपाठनलाई निरन्तरता दिई थप वाकी रहेको विद्यालयहरुमा पनि अग्रेजी माध्यमवाट पठनपाठन सुरुवात गरिनेछ।

● गाउपालिका स्तरीय अध्यक्ष कप हाजिरी जवाफ, खेलकुद कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गरिनेछ।

● विद्यालय शिक्षामा सुचना प्रविधिको विकास एवम् विस्तार गरी गुणस्तर सुधारमा जोड दिइने छ।

● भिन्न क्षमता भएका वालवालिकाहरुको शिक्षाको सुनिश्चिताको लागी क्रमशः अवसरहरुको विस्तार गरिनेछ।

● नयाँ शैक्षिक सत्र २०८० मा विद्यार्थि भर्ना अभियान कार्यकम सञ्चालन गरिनेछ।

● सवै विद्यालयहरुमा शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ।

● माध्यामिक विद्यालयहरुमा नमुना कक्म्यूटर ल्याव डिजिटल पठनपाठनको व्यवस्था गरिनेछ।

● शिक्षा दिवशको अवसरमा उत्कृष्ठ विद्यालय, उत्कृष्ठ शिक्षक र उत्कृष्ठ विद्यार्थीहरुलाई सुमान, स्वरुप पुरस्कार दिईनेछ।

- वालविकास केन्द्रमा अध्यापन गराउने शिक्षक र विद्यालय कर्मचारीलाई गाउँपालिकावाट नेपाल सरकारले तोकिए बमोजिम न्युनतम पारिश्रमिक उपलब्ध गराईनेछ।
- सबै विद्यालयहरुको आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा विद्यालयमा भवन र शौचालय निर्माणलाई प्राथमिकता दिईनुका साथै विद्यालयहरुको विद्यमान शौचालयहरुलाई प्रयोग योग्य वनाईनेछ।
- किशोरीहरुको विद्यालय छाड्ने दरलाई घटाउन र निश्चिन्त रुपमा विद्यालय पठनपाठनमा केन्द्रित गर्न उमेर समूहका सवैका लागि निशुल्क सेनेटरी प्याडको निरन्तता गरिनेछ।
- विभिन्न तहका शिक्षकहरु र वालविकास सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमको पुनर्ताजगि र आवश्वयकता अनुसारको तालिम संचालन गरिनेछ।
- वालिका तथा समावेशि शिक्षा गाउँपालिकाभरिमा संचालन गरिनेछ।
- पालिका स्तरीय अन्तर विद्यालय विद्यार्थी लक्षित प्ररतयोगिता संचालन गरिनेछ।

**भौतिक पुर्वाधार र यातायत**

- गाउँपालिका कार्यालय देखि सवै वडा कार्यालयहरुलाई पक्की सडकले जाडिनेछ।
- गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुसार कार्यहरु कार्यन्वयनमा ल्याइनेछ।
- राष्ट्रिय भवनसंहिता पालना गर्ने गरि स्थानीय भवन मापदण्ड तयार गरि लागु गरिनेछ।
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडकलाई स्तरोन्नती गरी कृषि उत्पादन वृद्धि र वजारीकरणसंग जोडिनेछ।
- गाउँपालिकाभित्रका विभिन्न सडकहरुमा पर्ने खोला खोल्सामा आगामी वर्ष कल्भर्ट निर्माण गरिनेछ।
- गाउँपालिका केन्द्रवाट वडा केन्द्रहरुसम्म पुग्ने सडक आसपास वृक्षारोपण गरिनेछ।
- करोड भन्दा साना आयोजनाहरुको निर्माणमा ठेक्का वन्दोवस्ती नगरी उपभोक्ता समिति मार्फत गर्ने नीति लिइनेछ।
- स्थानिय पूर्वाधार तथा कृषि सडक, स्थानियस्तरको यातायात नीति, योजना अनुमति, नियम र व्यवस्थानको कार्य गरिनेछ।
- विकास निर्माणको कार्यलाई तोकिएको समय र निर्धारित मापदण्ड तथा गुणस्तर वमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ।
- मर्मत गर्नु पर्ने आवश्यक रहेको यस पालिका अर्न्तगतका कुलो, वाँध, पैनी सम्वन्धी आवश्यकता अनुसारको मर्मत कार्य गरिनेछ।

<u>उद्योग वाणिज्य तजा आपुर्तिः</u>

- पालिका भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्यांङ्ग संकलन गरि उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिईनेछ।
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन तथा प्रवर्द्धन गरिनेछ।
- उपभोक्ताको हक सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिनेछ।
- स्थानीय जनताको आयआर्जन वृद्धिको लागी पालिका स्तरवाट उद्योग स्थपना गरी संचालन गरिनेछ।

**उर्जा जलश्रोत तथा सिचाईः**

- नविकणीय उर्जालाई प्रोत्साहित गनिछ, पोखरी संरक्षण तथा व्यवस्थापन तथा भुक्षय, वाढिवाट डुवान क्षेत्रको विशेष व्यवस्थापन गरिनेछ।
- कुलो, बाँध निर्माण तथा मर्मत संभार गरिनुका साथै कृषि ध्रितीकरणलाई विशेष प्राथमिकता दिइनेछ।

**खानेपानी तथा सरसफाइः**

- प्रत्येक घर सम्म सुद्ध खानेपानीको व्यवस्था गरिनेछ।
- यस गाउपालीकामा लक्षीत जनसमुदायलाई खानेपानी सेवा पुऱ्याउने आयोजना हरु संचालन गरि खानेपानी वितरण गरी त्यसको अनुगमन गरिनेछ।
- सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम तथा फोहरमैला व्यवस्थान गर्ने कार्यहरु गरिने छ।
- फोहोरमैला व्यावस्थापन नीति तयार गरि लागु गरिनेछ।
- सडने, गलने फोहलाई आफ्नै करेसावारिमा गाडि मलको रुपमा प्रयोग गर्ने र नसडने, नगल्ने फोहरलाई व्यवस्थापनको व्यवस्था मिलाईने छ।

**बन बातावरण तथा भुसंरक्षण तथा विपत्त व्यवस्थापनः**

- सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्वन्धित क्षेत्रका स्थानीय समुदायलाई परिचालन गरिनेछ।
- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागु गर्ने र आपतकालिन कार्यसन्चालन केन्द्रको सन्चालन गरिनेछ।
- जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरि लागु गरिनेछ साथै GIS Based spatial योजना तयार गरि लागु गरिनेछ यसले गर्दा गाउँपालिकाको भु वनोट र जोखिमको स्थिति थाहा पाउन सकिनेछ।
- नदि किनार, नदि उकास, वाटोको दाँया, वाँया, खाली भएका सरकारी जग्गा जमिनहरुमा वाटोसँग साँध जोडिएका जग्गाधनि समेतको सहभागितावाट लाभदायक वोटविरुवा सहित वृक्षरोपण सञ्चालन र संरक्षण गर्ने पद्धति अवलम्वन गरिनेछ।
- यस गाउंपालिकालाई स्वच्छ सुन्दर र सरसफाइयुक्त वनाउन आवश्यक कार्यकम संचालन गरिनेछ।

- स्थानीय स्तरमा जटीवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी सर्वेक्षण , उत्पादन, संकलन, प्रवर्द्धन, प्रसोधन र वजार व्यवस्थापनको काम गरिने छ ।
- स्थानीय स्तरको जलवायु परिवर्तन जोखिम न्यूनीकरण सम्वन्धी कियाकलापहरु गरिनेछ ।
- विपद् व्यवस्थापनको लागि गाउपालिका स्तरीय एक छुटै कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- सम्भाव्य प्राकृतिक प्रकोप भुकम्प, आगलागि, वाढि तथा नदी कटान, शीतलहरवाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन अन्यसरोकारवालाहरुसंग समन्वय गरि विपद पूर्व तयारी तथा प्रतिकार्य योजना संचालन गरिनेछ ।

**आर्थिक विकास**

- कृषि क्षेत्रमा लागनी वृद्धि गरी कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।
- वैदेशीक रोजगारवाट फर्केका तथा वेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुलक तालिम र सिपको परिक्षण गरि श्रम वजारमा पठाइने छ ।
- सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिवी न्यूनीकरण ।
- आय-आर्जनका निमित्त व्यवसाय कर, वहाल कर एवंविज्ञापन करलाई आउट सोर्सिङको माध्यमवाट आम्दानीमा वृद्धि गर्दै लगिनेछ ।
- कर, शुल्क र दस्तुरको नयाँक्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो वनाउँदैलगिने छ ।
- युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान वनाईविकास निर्माणमा सहभागी गराईनेछ र खेर गईरहेको युवा शक्तिलाईगाउँ विकासको मूल धारमा ल्याउन आवश्यक रणनीति तय गरिने

**<u>कृषि तथा पशु विकास:</u>**

- परम्परागतवाट आधुनिक, निर्वाहमुखीवाट व्यवसायिक कृषि प्रणाली स्थपनाका लागी कृषिको उत्पादन, व्यवस्थापन एवम् वजारीकरण गरिनेछ । पालिका भित्रका मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना रहेका क्षेत्रको रुपमा पहिचान गरी केराखेती, आँप खेती, कागती खेती, वाखा पालन र वाह्रै महिना तरकारी खेती हुने क्षेत्रको रुपमा विकास गरिनेछ । साथै धान खेती, गहुँ खेती, दलहन खेती र माछा पोखरी निर्माणको लागि जोड दिइनेछ । यस वाहेक कृषि वन, नर्सरी, पशुपालन, वेमौसमी तरकारी खेती आदिलाई समेत प्राथमिकतामा राखिनेछ । यस्तै किसानहरुमा कृषि शिक्षा प्रवर्द्धन गरी वंगुर, कुखुरा र हाँस पालन समेतलाई प्राथमिकता प्राप्त क्षेत्र भित्र राखिनेछ ।
- दुग्ध उत्यपादनमा आत्मनिर्भर र किसानको आय वृद्धिको लागी कृषकलाई पशु सुत्केरी स्याहार भत्ता उपलब्ध गराउने तथा दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ ।

CamScanner

- पशुपालन कृषकहरुलाई घाँसका विउ तथा डाले घाँसका बेर्नाहरु उपलब्ध गराई पशु आहार सेवा कार्यक्रम संचालन गरिनेछ।
- पशुपंक्षिमा लाग्ने रोगहरुको निवारणको लागी पशु पंक्षि निशुल्क खोप सेवा संचालन गरिनेछ। त्यसका लागी सबै वडाहरुमा वर्षको २ पटक पशु पंक्षि स्वासथ्य शिविर संचालन गरिनेछ।
- पशुपंक्षिपालक किसानहरुका लागी आवश्यकता अनुसार पशुपंक्षि सचेतना कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई गुणस्तरीय सेवा दिन कृषि तथा पशु प्राविधिकहरुलाई निरन्तता दिई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- उन्नतजातको पशु र सुधारिएको गोठलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।
- कृषि तथा पशु प्राविधिकहरु वाह्रै महिना परिचालन गरिनेछ। आवश्यकता अनुरुप पशु चिकित्सकको व्यवस्था गरिनेछ।
- तरकारी, मसलावाली, फलफूल, जडिवुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण गरिनेछ।
- कृषिमा उत्पादन वृद्धि ,पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषको आय आर्जनमा अभिवृद्धि गरिने।
- सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिवी न्यूनीकरण गरिनेछ।
- AI प्रविधि र प्राकृतिक गर्भाधान मार्फत नस्ल सुधार गरिने छ। पशुपन्छिको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार भन्ने नाराका प्रभावकारिता कायमै रहेकोले पर्सा गाउँपालिका सबै वडाहरुमा पालिएका वाखा, भैंसी र गाईमा कृतिम गर्भाधान गरी दुध र मासु उत्पादनमा वृद्धि गरिने छ। पशु सुत्केरी पोषण भत्ता कायमै राखिनेछ।

**युवा तथा खेलकुदः**

- खेलकुद विकासको लागी पालिकामा खेल मैदान, कवर्डहाँलको निर्माण गरिनेछ।
- पालिका स्तरीय क्रिके टिम गठन गरी अन्तर स्थनीय संग प्रतिस्प्रदाको तयार गरिनेछ।
- गाउँपालिका भित्र क्रिकेट, भलिवल, फुटवल तथा अन्य समाग्री वितरण गरी खेलकुदको विकास जोड दिईनेछ।
- युवा क्लवहरुलाई खेलकुद विकासका लागि तालिम तथा सामाग्रीको व्यवस्था गर्नुको साथै गाउँपालिकास्तरीय <u>राष्ट्रपति रनिङ्ग शिल्ड</u> प्रतियोगिता निरन्तता दिइनेछ।
- स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गरिने छ।
- संचालनमा रहेको जिम क्लवको व्यवस्थित गरी वाकी रहेको वडामा क्रमशः संचालन गरिनेछ।

**सुशासन तथा संस्थागत विकास:**

- संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारविच सह अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त अबलम्वन गरिनेछ।

- गाउँपालिका र मातहतका कार्यलयहरुमा सुशासन र पारदर्शिता प्रर्वधन मार्फत लोकतन्त्रलाइ वलियो वनाउन CCTV Camera जडान गर्न वाकी रहेको ठाउँमा जडान गरिनेछ।

- सार्बजनिक खर्चमा मितव्ययिता अपनाई आयोजना छनौट र वजेट विनियोजनलाई यथार्थपरक वनाईनेछ। गाउँपालिका र मातहत कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्वन्धी योजना तयार गरि लागु गरिनेछ।

- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल, तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिनेछ। आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ। राजश्व संकलन, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न आ.व.को शुरु महिना श्रावणमा नै कार्ययोजना वनाई जिम्मेवारी सुनिश्चित गरी सवै आयोजना र कार्यक्रमहरु यथा समयमा सम्पन्न गरिने आधार तयार गरिने छ।

- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिई सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गरिनेछ। पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकासँग सम्वन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमवाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ।

- गाउँपालिकाको संचित कोषवाट खर्चहुने जुनसुकै रकम भुक्तानीको लागि वैंकखाता मार्फत भुक्तानी हुने व्यवस्था गरिनेछ। सवै नागरिकलाई वैंकिङ्ग पहुँच विस्तारका लागि वैंकहरुसँग सहकार्य गरिनेछ।

- स्थानीय सुशास र सेवा प्रवाहलाई चुस्त, दुरुस्त वनाइने तथा प्रशासनलाई पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमूलक वनाई जनतामाझ सेवा प्रवाह प्रभावकारी रुपमा वितरण गरिनेछ।

- विश्वसनीय र गुणस्तरेयुक्त लेखा परिक्षणको माध्यमवाट वित्तीय सुशासन कायम गर्नआन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाइनेछ।

- न्यायिक समितिको कार्य सम्पादनलाई थप सुदृढीकरण गरिनेछ।

- प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्य योजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी वनाई सवै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ।

- पंजिकरण व्यवस्थापनलाई सुदृढिकरण गर्दै लगिनेछ।

- लैङ्गीकमैत्री, वालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ।

- गाउँपालिका भित्र रिक्त रहेका प्राविधिक कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्वन गरिनेछ, सो कार्यलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिनेछ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वियनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरीाष्ट्रय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ।
- NGO/INGO वाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाउँपालिका को वार्षिक वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ।
- सुचना प्रविधि प्रणालिलाई सुदिढिकरण गरी निरन्तरता दिईनेछ साथै Digital नागरिक वडापत्र लागु गरिनेछ।
- गरिवि निवारणको लागी लघु उद्यम कार्यक्रम संचालन गर्न निरन्तरता दिईनेछ।

**सामाजिक सेवा तथा समावेशी प्रवर्द्धनः**

- हरेक नागरीकको वैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला, तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्ता वैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्था मिलाइनेछ।
- जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने वातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम तथा जीवन उपयोगी सिपहरु प्रदान गरिनेछ।
- जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न **साँस्कृतिक सुधार कार्यक्रम** सञ्चालन गरिनेछ।
- सामाजिक समावेशीकरण नीति तयार गरि कार्यन्वयन गरिनेछ।
- युवाहरुमा सीपमुलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याउनेछ।
- महिला हिंसा तथा वालवालिकाहरुको अनत्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- वालश्रम मुक्त यस गाउँपालिकालाई वालमैत्री गाउँको रुपमा विकास गर्न पहल गरिनेछ।
- वालमैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्दै वालवालिकाहरुको विकासका लागी वाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी समाजिक विकृति न्युनीकरण गरिनेछ।

**महिला तथा वालबालिका इकाइः**

- महिला कार्यक्रम सहित लक्षित वर्गलाई केन्द्रित गरी क्षमता अभिवृद्धि, पैरवि एवं जनचेतना अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

- महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, एकल महिला, बालबालिका र आर्थिक विपन्न तथा सामाजिक वञ्चितीकरणमा परेका विभिन्न वर्गका नागरिकको उत्थानका लागि लक्षित कार्यक्रमहरु र तालिम कार्यक्रम निरन्तरता दिइनेछ।
- स्थानियस्तरमा महिला विकास कार्यक्रम संचालन गरिनेछ।
- महिला सचेतना तथा विकास सम्वन्धि तालिम तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिने छ।

**कानुन तथा न्याय सम्पादन:**

- गाउँपालिकामा दर्ता हुन आएका सबै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने व्यवस्था मिलाइनेछ। यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गरिनेछ।

**पञ्जिकरण तथा समाजिक सुरक्षा शाखा**

- व्यक्तिगत घटना दर्तामा पहुंच पुऱ्याउनको लागी प्रत्येक वडमा गई व्यक्तिगत घटना दर्ता सम्वन्धी अभिमुखिकरण गरिनेछ।
- प्रत्येक महिनामा एक पटक सवै वडा सचिवहरुलाई भेला गरि व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्य सम्वन्धी छलफल तथा समिक्षा गरिनेछ।
- समाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाउन गाउँपालिका द्वारा बैंकमा हेल्प डेस्कको व्यवस्था गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन समाजिक संजाल तथा अन्य संचार माध्यम द्वारा सन्देश मुलक कार्यक्रम सम्प्रेशन गर्नेछ।
- जेष्ठ नागरिक, अपाङ्ग तथा हिडडुल गर्न नसक्ने लाभग्राहीहरुलाई घरमै गएर समाजिक सुरक्षा खाता खोल्ने व्यवस्था मिलाउनेछ।
- व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीहरुको दर्ता तथा अध्यावधिकको लागी दर्ता शिविर संचालन गरिनेछ।
- फिल्ड सहायक तथा समाजिक परिचालक द्वारा घरदैलो भ्रमण गरिनेछ।

**सरकारी, गैह्र सरकारी संस्था संग समन्वय:**

- यस गाउंपालिका भित्र संचालन हुने विभिन्न कार्यकमहरुमा सरकारी/गैह्र सरकारी संघसंस्थाहरुसंग लाभान्वित समूहको हितलाई मध्यनजर राखी समन्वय गरिनेछ।

अन्तमा,

- पर्सा गाउँपालिकाको समृद्धिको अभियानमा आ-आफ्नो क्षेत्रवाट भुमिका निर्वाह गरि सभ्य र समृद्ध पर्सा गाउँपालिका निर्माण गर्ने अठोटका साथ आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । गाउँपालिकाका जनप्रतिनिधि, राजनितिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, कियान, श्रमिक, मजदुर वर्ग, बुद्धिजिवी, नागरिक समाज, आम संचार माध्यम, निजी तथा सहकारी क्षेत्र, विभिन्न संघ संस्थाहरु लगाएत सम्पुर्ण दिदीवहिनी तथा दाजुभाइहरुलाइ यस नीति तथा कार्यक्रमलाइ कार्यरुप दिन आवह्सन गर्दै सो का लागि आवश्यक सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

CamScanner

यस गाउँपालिकाको आ.व.०८०/८१ को तपशिल बमोजिमको अनुमानित आय/व्यय को विवरण गाउँ कार्यपालिकाको मिति २०८०/०३/०८ गते बसेको बैठकले स्वीकृत गरि मिति २०८०/०३/१० गतेको बारौं गाउँसभा पेश भई मिति २०८०/०३/१० गते नै गाउँसभाबाट स्वीकृत भएको छ ।

तपशिल

| आय तर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| क.स. | स्रोत | बजेट रु. हजारमा | क.स. | क्षेत्र | बजेट रु. हजारमा |
| १ | संघिय समानीकरण अनुदान | ८७४०० | १ | ६ वटै वडमा विकास बजेट | २४००० |
| २ | प्रदेश समानीकरण अनुदान | ६०२८ | २ | गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरु | ३६४५४ |
| ३ | संघिय राजश्व बाँडफाँड अनुदान | ६७४३७ | ३ | चालु खर्च गापा र वडा | ७०००७ |
| ४ | आ.व.०७९/८० को अ.ल्या. | ४०९१ | ४ | विषयगत शाखा कार्यक्रम | ३१४१५ |
| ५ | संघिय शसर्त अनुदान | १०४३०० | ५ | संघिय शसर्त अनुदान | १०४३०० |
| | संघिय शसर्त पुजिगत अनुदान | ३५०० | | संघिय शसर्त पुजिगत अनुदान | ३५०० |
| | संघिय समपुरक अनुदान | ५००० | | संघिय समपुरक अनुदान | ५००० |
| | संघिय विशेष अनुदान | ९००० | | संघिय विशेष अनुदान | ९००० |
| ६ | प्रदेश समपुरक अनुदान | २००० | ६ | प्रदेश समपुरक अनुदान | २००० |
| ७ | प्रदेश विशेष अनुदान | ३००० | ७ | प्रदेश विशेष अनुदान | ३००० |
| ८ | आन्तरिक आय | ६९६३ | ८ | संघ र प्रदेश साझेदारी कार्यक्रम | ६५०० |
| ९ | स्थानीय विपद /प्रकोप व्यवस्थापन कोष मौज्दात | २७४ | ९ | स्थानीय विपद /प्रकोप व्यवस्थापन कोष मौज्दात | ३८१७ |
| १० | जम्मा आयतर्फ | २९८९९३ | १० | जम्मा व्ययतर्फ | २९८९९३ |

**कुल बजेटको चालु तथा पुजिगत खर्च**

| | | |
|---|---|---|
| १ | चालु खर्च | २०८२२२ |
| २ | पुजिगत खर्च | ९०७७१ |

# पर्सा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पर्सा, सर्लाही ।
मधेश प्रदेश, नेपाल

सभामा पेश गरेको मितिः- २०८०/०३/१०

## आर्थिक बिधेयक, २०८०

पर्सा गाउँपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक, २०८०

प्रस्तावनाः पर्सा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पर्सा गाउँपालिकाको एघारौं गाउँसभाबाट स्वीकृत भई यो बिधेयक जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः १.यस विधेयकको नाम आर्थिक बिधेयक २०८० रहेको छ ।

(२) यस बिधेयकमा भएका प्रावधानहरु स्थानीय सरकारको राजपत्रमा सूचना प्रकाशन गरी सोही राजपत्रमा तोकिएको मिति अर्थात २०८० श्रावण १ देखि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१)बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पूरै/ आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तरप्रदेश कानुन स्वीकृत भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

CamScanner

८. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असूल उपर गरिनेछ ।

९. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइनेछ ।

१०. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. प्राकृतिक श्रोत उपयोग करः गाउँपालिकाले प्राकृतिक श्रोत उपयोग कर अनुसूची -१० मा उल्लेख भए बमोजिम उठाउने छ । तर प्रदेश कानुन लागु भएमा सोहि वमोजिम हुनेछ ।

१२. कर छुटः दफा २ भन्दा बाहेक यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि थप कार्यविधि गाउँपालिकाबाट तोकिए वमोजिम हुनेछ ।

१४. बचाउः यो विधेयक लागु हुनुभन्दा अगाडि गाउँपालिकाले लगाएको, उठाएको राजस्व यसै विधेयक बमोजिम लगाएको, उठाएको मानिनेछ ।